**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

## बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

**(राष्ट्रिय बीउ बिजन समितिको सचिवालय)**

**हरिहरभवन, ललितपुर**

# बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक परीक्षाका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/६/३० गते आइतबार)**

बीउ बिजन ऐन, २०४५ (दोश्रो संशोधन, २०७९) को दफा १६ अनुसार **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक**को नियुक्तीका लागि योग्यता पुगेका नेपाली नागरिकले राष्ट्रिय बीउ बिजन समितिबाट लिइने परीक्षा उत्तिर्ण गर्नु पर्ने प्रावधान रहेको तथा उक्त कार्यलाई व्यवस्थित गर्न स्वीकृत "बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ती, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी निर्देशिका, २०७३" बमोजिम यस केन्द्रबाट लिइने **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक**को परीक्षामा सम्मिलित हुन इच्छुक सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत योग्यता पुगेका प्राविधिक कर्मचारीहरु तथा निजी स्तरमा रहेका योग्य व्यक्ती सबैले मिति **२०७९ कार्तिक २८ गते कार्यालय समय भित्र** (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट) निम्नानुसारका कागजातहरु सहित यस केन्द्र वा **seedinspectornp@gmail.com** मा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

**पेश गर्नुपर्ने कागजातहरु**

क. केन्द्रको वेवसाइट **www.sqcc.gov.np** मा राखिएको पूर्ण रुपमा भरिएको दरखास्त फारम।

ख. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

ग. मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा कृषिमा स्नातक तह उत्तीर्ण गरेको वा कृषिमा प्रमाणपत्र तह उत्तीर्ण गरी बीउ बिजन उत्पादनमा कम्तीमा दश वर्षको अनुभव खुल्ने कागजात तथा प्रमाणपत्रको प्रतिलिपि।

घ. खण्ड (ग) बमोजिम योग्यता पुगेको आवेदक निजामती कर्मचारी भए सेवारत कार्यालयको स्वीकृति प्राप्त भएको पत्र (स्वीकृती पत्रको ढाँचा **www.sqcc.gov.np** बाट डाउनलोड गर्न सकिने)।

ङ. **नेपाल बैंक लिमिटेडको जुन सुकै शाखाबाट** नेपाल बैंक लिमिटेड, गाबाहल शाखा, ललितपुरमा रहेको बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुरको कार्यालय कोड नम्बर ३१२००३४०५ मा राजश्व संकेत १४२२४ (परीक्षा दस्तुर) अन्तरगत परीक्षा शुल्क रु ३०० (अक्षरेपी तीन सय रुपैया मात्र) दाखिला गरी सोको भौचर ।

च. हालसालै खिचेको पासपोर्ट साईजको फोटो- ३ प्रति (इमेलमा आवेदन गर्नुहुने आवेदकहरुले दरखास्तसँगै पासपोर्ट साइजको फोटोको E-copy र ३ प्रति पासपोर्ट साइजको फोटो परीक्षा संचालन हुनु अगावै यस केन्द्रमा उपलब्ध गराउनु पर्ने)।

**आवेदन पेश गर्ने निकाय**

क. बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुर वा **seedinspectornp@gmail.com**

**परीक्षा किसिमः** वस्तुगत बहुउत्तर र विषयगत

**नोटः** बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तब्य तथा अधिकार, परीक्षाको किसिम, पाठ्यक्रम तथा अन्य जानकारीहरु यस केन्द्रको वेवसाइट **www.sqcc.gov.np** वा केन्द्रबाट प्राप्त गर्न सकिनेछ। परीक्षामा सफल उम्मेदवारहरुलाई योग्यता क्रम (Merit List) को आधारमा तालिम दिइनेछ र तालिम प्राप्ति पश्चात् निजले बाली निरीक्षक तथा बीउ बिजन विश्लेषकको कार्य गर्न सक्नेछन्। परीक्षा मिति तथा परीक्षा केन्द्र सम्बन्धी जानकारी पछी प्रकाशन गरिनेछ।

**सहयोगको लागि सम्पर्कः** ९८५१२५४२७६, ९८४८२४७८६९, ०१-५४२१३५९

**सदस्य सचिव**

**राष्ट्रिय बीउ बिजन समिति**